# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०८१/०८/०२**
**दरखास्त दिने अन्तिम मिति : २०८१/०८/१६**

सूचना ! सूचना !! सूचना !!!

विषय :- प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नगर विकास योजनामा सामाजिक संघसंस्थाहरुको कम्तिमा ५० प्रतिशत स्रोत साझेदारी कार्यक्रम (स्वरोजगारी प्रवर्धनका लागि उद्यमशीलता प्रवर्धन/ सशक्तीकरण/ नेतृत्व क्षमता विकास कार्यक्रम) (पेज नं ५० सि.नं ८) शिर्षकमा रु १०,००,०००। (अक्षेरुपी दश लाख) मात्र विनियोजन भएकोमा भरतपुर महानगरपालिका भित्र कार्यक्षेत्र हुने सामाजिक संघसंस्थालाई दिईने कार्यक्रम सञ्चालन अनुदान कार्यविधि, २०७९ अनुसार महिला, बालबालिका, ज्येष्ठ नागारिक, अपाङ्गता भएका व्यक्तिहरु, सामाजिक रुपमा पछाडि परेका समुदाय लगायत समाज कल्याणका क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरुले कार्यक्रम सञ्चालन गर्न यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको स्वास्थ्य तथा सामाजिक विकास महाशाखा अन्तर्गत गैर सरकारी संघ संस्था समन्वय तथा सामुदायिक परिचालन शाखामा विस्तृत परियोजना प्रस्तावना सहित आवश्यक कागजात संलग्न राखी कार्यालय समय भित्र रितपूर्वक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>सामाजिक संघसंस्थाले पेश गर्नुपर्ने कागजातहरु:</u>

१. प्रचलित कानुन बमोजिम संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि
२. भरतपुर महानगरपालिकामा संस्था सूचीकृत प्रमाणपत्रको प्रतिलिपि
३. संस्थाका सञ्चालकहरुको व्यक्तिगत विवरण ४. संस्थाको आ. व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन
५. संस्थाको आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ६. सस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाईल ७. सञ्चालक समितिले कार्यक्रम माग गरेको निर्णयको प्रतिलिपि ८. प्रस्तावित कार्यक्रममा संस्थाको अंश ५०% हुने व्यहोरा खुलेको विवरण ९. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
**१०. अनूसुची १ बमोजिमको ढाँचामा प्रस्तावित कार्यक्रमको अवधारणा समेत खुलाई देहायका बुदाँहरु उल्लेखित गरी दरखास्त पेश गर्नुपर्ने छ ।**

क. संस्थाको अवधारणा पत्र ख. सञ्चालन गरिने कार्यक्रमको संक्षिप्त विवरण ग. कार्यक्रमको उद्देश्य
घ. लक्षित समुदाय ङ. क्रियाकलाप च. कार्यक्रमको अवधि छ. सञ्चालन हुने मिति र स्थान
ज. अनुमानित खर्च विवरण (महानगरपालिकाको रकम र संस्थाले व्यहोर्ने रकम)

शान्ता कुमारी पौडेल
निर्देशक
स्वास्थ्य तथा सामाजिक विकास महाशाखा

निर्देशक

056-515771, 511013, 511467, 511083
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np